# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

**बर्ष : ६ , खण्ड : १४ , मिति : २०७९ साल चैत्र १३ गते**



## भाग-२

### अन्नपूर्ण आधार शिविरमा हेलिकप्टर उडान पर्यटन शुल्क व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९

**<u>प्रस्तावनाः</u>** विश्वकै उत्कृष्ट पदयात्रा मार्गमध्येको एक अन्नपूर्ण पदयात्रा मार्गको पहिचानलाई कायम राख्दै हवाई मार्गबाट आधार शिविरको भ्रमणमा आउने पर्यटकको भ्रमणलाई सुरक्षित, व्यवस्थित गर्न तथा वातावरणीय तथा पर्यावरणीय सन्तुलनलाई खलबलिन नदिई अन्नपूर्ण गाउँपालिका क्षेत्रभित्र व्यावसायिक हेलिकप्टर उडान बापत पर्यटन शुल्क उठाइ स्थानीय राजस्व क्षमता सबलीकरण गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह/अन्नपूर्ण गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिकाको मिति २०७९।१२।०७ को कार्यपालिका बैठकबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ।

### परिच्छेद- १
### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "अन्नपूर्ण आधार शिविरमा हेलिकप्टर उडान पर्यटन शुल्क व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उडान" भन्नाले गाउँपालिकामा सूचिकृत भई गरिने व्यावसायिक हेलिकप्टर उडानलाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले अन्नपूर्ण गाउँ कार्यपालिका, कास्की सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिका, कास्कीलाई सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय, कास्कीका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ङ) "स्थानीय साझेदार संस्था" भन्नाले अन्नपूर्ण गाउँपालिका वडा नं. ११ अन्तरगत रहेको साझेदार संस्थालाई सम्झनु पर्छ।

(च) "सूचिकृत संस्था" भन्नाले अन्नपूर्ण आधार शिविर क्षेत्रमा हेलिकप्टर उडानको लागि गाउँपालिकामा सूचिकृत भएको संस्था सम्झनु पर्छ।

(छ) "सेवा प्रदायक संस्था" भन्नाले हेलिकप्टर उडान सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य, उडान क्षेत्र र सीमाहरु

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेक ा छन्:-

(क) अन्नपूर्ण आधार शिविरमा हुने उडानलाई व्यवस्थित गरी अन्नपूर्ण गाउँपालिकाको राजस्व वृद्धि गर्ने।

(ख) वातावरणमैत्री र पर्यावरणमैत्री उडान भरी पर्यटन प्रवर्द्धन गर्ने।

(ग) दुर्गम गाउँका जनतालाई आधुनिक स्वास्थ्य सेवाको सहज पहुच पुऱ्याउने।

(घ) अव्यवस्थित उडान नियन्त्रण गर्ने र पदयात्रामा आउने पर्यटकलाई सुरक्षाको प्रत्याभूति दिने।

(ङ) प्रदुषणको कारण लोपोन्मुख र दुर्लभ वन्यजन्तु एवं जडीबुटीलाई हुने क्षति न्यूनीकरण गर्ने।

(च) अन्नपूर्ण आधार शिविरमा उडान खुला गरी व्यवस्थित र वातावरणमैत्री उडान भरी पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने।

(छ) गाउँपालिकाको स्रोत व्यवस्थापन र आयमा वृद्धि गर्दै पर्यटन पूर्वाधार निर्माणमा जोड दिई रोजगारीका अवसर सिर्जना गर्ने।

(ज) पदयात्रा गरी अन्नपूर्ण आधार शिविर पुग्न नसक्ने बाह्य तथा आन्तरिक पर्यटकलाई सेवा दिने र अन्नपूर्ण आधार शिविरको भ्रमण गर्ने पर्यटकको संख्यामा वृद्धि गर्ने।

(झ) सहज रूपमा आपतकालीन उद्धार गर्न सहजीकरण गर्ने तथा अन्य साहसिक पर्यटनको खोज अनुसन्धानमा सहयोग गर्ने।

(ञ) स्थानीयवासीलाई अत्यावश्यक सामग्रीको ढुवानी सेवा सहज रूपमा उपलब्ध गराउने।

(ट) अवैधरुपमा हुने चोरी शिकारी नियन्त्रण गर्ने।

(ठ) स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको उचित बजारीकरणमा सहयोग गर्ने।

४. **उडान क्षेत्र र सीमाहरुः** (१) सेवा प्रदायक संस्थाले गाउँपालिकामा सूचिकृत भएपछि तोकिएको शर्तको अधीनमा रही गाउँपालिका क्षेत्रमा उडान गर्न सक्नेछन्। गाउँपालिका क्षेत्रभन्दा बाहिर हुने उडानको सम्बन्धमा यस कार्यविधिको व्यवस्था लागु हुने छैन .

(२) वायुमण्डल तथा वातावरणमा पर्न सक्ने प्रद"णको प्रभाव कम गर्न नेपाल सरकार वा नागरिक उड्डयन प्राधिकरणले तोकेको प्रद"षणको सहन सीमा नाघ्ने गरी उडान गर्न पाइने छैन।

(३) नेपाल सरकारले पूर्ण रुपमा वायुयान उडान गर्न मनाही गरेको क्षेत्र र तोकी दिएको अवस्था तथा समयमा मात्र उडान गर्न पाउने भनी तोकेको क्षेत्रमा त्यसरी तोकि दिएको अवस्था तथा समयमा बाहेक अन्य अवस्था तथा समयमा कसैले पनि हेलिकप्टर गर्न पाइने छैन।

(४) एक दिनमा बढीमा १२ (बाह्र) पटकसम्म मात्र उडान गर्न पाउने गरी उडान सुचीकरण गरिने छ।

(५) उपदफा (४) मा जुन सुकै कुरा लेखिएको भए तापनि आपतकालीन अवस्थामा यात्रुको उद्धार गर्नु परेमा गाउँपालिका अध्यक्षको निर्णयले सोभन्दा बढी उडान गर्न सकिने छ।

## परिच्छेद ३

## उडान सूचिकरण, रुट परमिट र उडान सूचिकरण शुल्क

५. **उडान सूचिकरण** (१) गाउँपालिकाबाट उडान सूचिकरणको पत्र नलिई कुनैपनि सेवा प्रदायक संस्थाले गाउँपालिकाको संरक्षित क्षेत्र र आधार शिविरमा उडान गर्न पाउने छैन। उडान सूचीकरणको लागि अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने छ।

(२) उडान सूचीकरणको निर्णय गर्ने अधिकार कार्यपालिकामा निहित हुने छ। कार्यपालिकाले निर्णय गरी यस्तो अधिकार गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्ने छ।

(३) उडान सूचिकरण गर्दा अनुसूचि—२ बमोजिमको ढाँचामा सेवा प्रदायक संस्थासंग सम्झौता गरिने छ । उडान सूचिकृत भई सकेपछि सेवा प्रदायक संस्थालाई अनुसूची-३ बमोजिमको उडान सूचिकृत भएको पत्र दिइने छ।

६. **रुट परमिटः** उडानबाट अन्नपूर्ण आधार शिविरको भ्रमण गर्ने विदेशी पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले तोकेको रुट परमिट इजाजतपत्र अनिवार्य रुपमा लिएको हुनु पर्नेछ। रुट परमिट इजाजतपत्र नलिएका विदेशी पर्यटकलाई उडानका लागि योग्य मानिने छैन।

७. सूचिकरण शुल्क (१) उडान सूचिकरण गर्दा पर्यटन शुल्क बापत प्रति उडान दश हजार रुपैयाँ शुल्क लाग्नेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्क कार्यपालिकाले हेरफेर गर्न सक्ने छ।

(३) पर्यटन सूचना केन्द्रको दिगो व्यवस्थापन र संचालनको लागि हेलिकप्टर सूचिकरणवाट प्राप्त हुने पर्यटन शुल्कको ३(तीन) प्रतिशत रकम उक्त पर्यटन सूचना केन्द्र संचालन कोषमा जम्मा हुने गरी व्यवस्था मिलाईने छ ।

(४) आकस्मिक उद्धार, विपद व्यवस्थापन तथा दैवी प्रकोपबाट उत्पन्न असहज परिस्थितिमा गाउँपालिका क्षेत्रभित्र गरिने उडानमा कुनै शुल्क लगाइने छैन।

(५) पर्यटन शुल्कवाट प्राप्त आम्दानी यस पालिकाको वडा नं.११ को पर्यटनसंग सम्वन्धीत स्थानीय पूर्वाधारको निर्माणमा प्राथमिकता दिईने छ ।

## परिच्छेद ४

## हेलिकप्टर उडान व्यवस्थापन र सञ्चालन सहजीकरण

८. **सहजीकरण समितिः** (१) उडानलाई व्यवस्थित रुपमा सञ्चालन, व्यवस्थापन तथा सहजीकरण गर्न देहाय बमोजिमको सहजीकरण समिति रहने छ :-

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) वन वातावरण समिति संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) सम्वन्धित वडाको वडा अध्यक्ष - सदस्य

(च) वन वातावरण शाखा प्रमुख - सदस्य सचिव

(२) सहजीकरण समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) सहजीकरण समितिको बैठक महिनाको कम्तीमा एक पटक बस्नेछ।

(४) सहजीकरण समितिको बैठकमा सहभागी सदस्य तथा आमन्त्रितलाई नियमानुसारको बैठक भत्ता उपलव्ध गराइने छ।

(५) सहजीकरण समितिको बैठक सम्वन्धी कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. **सहजीकरण समितिको काम कर्तव्य र अधिकारः** सहजीकरण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छन्:-

(क) उडान व्यवस्थित रुपमा सञ्चालन भएको छ छैन भनी नियमित समीक्षा गर्ने।

(ख) उडान समस्याको सहजीकरण गर्ने।

(ग) स्थानीय नागरिकको चासो र गुनासोको सुनुवाइ गर्ने।

(घ) अन्नपूर्ण आधार शिविर क्षेत्रमा प्रतिकुल असर परे नपरेको सम्बन्धमा समीक्षारअनुगमन गर्ने।

(ङ) सरोकारवालाहरुसँग समन्वय गर्ने।

(च) हेलिकप्टर उडान पर्यटन शुल्कको दर हेरफेरको लागि सिफारिस गर्ने।

१०. **उडान व्यवस्थापनः** (१) उडानलाई व्यवस्थापन गर्न पोखरा अन्तराष्ट्रिय विमानस्थल र अन्नपूर्ण आधार शिविरमा एक/एक जना जनशक्तिको व्यवस्थापन गरिने छ। निजहरुले पाउने सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(२) सेवा प्रदायक संस्थाले दफा ७ को उपदफा (१) बमोजिमको पर्यटन शुल्क गाउँपालिकाको राजस्व शाखामा बुझाउनु पर्नेछ। यस्तो शुल्क गाउँपालिकाको खातामा जम्मा हुने गरी विद्युतीय भुक्तानी प्रणाली मार्फत् पनि जम्मा गर्न सकिनेछ।

(३) दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले साझेदार संस्थासंग अवधि तोकी अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गरी व्यवस्थापनको जिम्मा दिन सक्नेछ। यसरी साझेदार संस्था मार्फत् उडान व्यवस्थापन गर्दा साझेदार संस्थाले अन्नपूर्ण आधार शिविरको भूबनोट, वातावरण र पर्यावरणको उचित संरक्षण, संवर्द्धन हुने गरी वातावरणमैत्री, पर्यावरणमैत्री र पूर्वाधारमैत्री विषयलाई ख्याल गरी यो कार्यविधिको अधीनमा रही सेवा प्रदायक संस्थासँग सम्झौता गरी अन्नपूर्ण आधार शिविरमा हेलिकप्टर उडान सेवाको व्यवस्थापन गर्न सक्नेछ।

(४) गाउँपालिकाले अन्नपूर्ण आधार शिविरमा हेलिप्याडको स्तरोन्नती तथा मौसम सम्बन्धी जानकारी दिन अत्याधुनिक सेवाको विकास र विस्तार गर्दै जानेछ।

(५) सामन्यतया उडान भर्ने सम्पूर्ण सेवा प्रदायक संस्थाहरूले लिने भाडादरमा एकरुपता कायम गर्नु पर्ने छ।

## परिच्छेद-५

## विविध

११. **जानकारी गराउँनु पर्ने :-** (१) यो कार्यविधि लागु भएपछि अन्नपूर्ण आधार शिविर क्षेत्रमा उडान भर्ने प्रत्येक सेवा प्रदायक संस्थाले मासिक रुपमा आफ्नो उडान विवरण गाउँपालिकामा पठाउनु पर्ने छ।

(२) साझेदार संस्था मार्फत हेलिकप्टर उडानको व्यवस्थापन गरिएमा त्यस्तो साझेदार संस्थाले मासिक रुपमा उपदफा (१) बमोजिमको एकीकृत विवरण गाउँपालिकामा पठाउनु पर्ने छ।

१२. **कार्यविधि बमोजिम हुनेः** यो कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुने र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

१३. **बाधा नपुग्नेः** अन्नपूर्ण संरक्षण क्षेत्र सम्बन्धी प्रचलित कानूनको कार्यान्वयनमा यो कार्यविधिले कुनै बाधा पुगेको मानिने छैन।

१४. **बाधा अड्काउ फुकाउने तथा कार्यविधिमा संशोधनः** (१) यो कार्यविधि कार्यान्वयन गर्दा कुनै द्विविधा भएमा कार्यापालिकाले बाधा अड्काउ फुकाउन सक्ने छ।

(२) कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिको परिमार्जन र संशोधन गर्न सक्ने छ।

**अनुसूची(१)**

**(दफा ५ को उपदफा (१) संग सम्बन्धित)**

अन्नपूर्ण संरक्षणक्षेत्रभित्र हेलिकप्टर उडान गर्नका लागि सूचिकृत सूचिकृत हुन दिइने निवेदनको ढांचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू ,
अन्नपूर्ण गाउंपालिका, गाउंकार्यपालिकाको कार्यालय, कास्की

विषयः सूचीकृत हुन पाऊँ।

अन्नपूर्ण आधार शिविर क्षेत्रमा हेलिकप्टर उडान भर्न पाऊँ भनी अन्नपूर्ण आधार शिविर हेलिकप्टर उडान पर्यटन शुल्क व्यवस्थापन कार्यविधि, २०७९ को दफा ५ को उपदफा (१) बमोजिम तपशिलका विवरण सहित यो निवेदन पेश गर्दछु ।

**तपशिलः**

१. सेवा प्रदायक कम्पनीरफर्मकोः
क. नामः
ख. ठेगानाः
ग. पत्राचार गर्ने ठेगानाः
घ. मुख्य व्यक्तिको नाम
(ङ) टेलिफोन नं.
च. मोवाइल नं.
छ. इमेलः
२. हेलिकप्टरको प्रकारः
३. हेलिकप्टरको सिट क्षमताः
४. सुचिकरण अवधीः
५. अनुमानित उडान संख्याः
६. संलग्न कागजातहरुः
क. संस्था वा फर्म दर्ता प्रमाणपत्रः
ख. नविकरण
ग. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र
घ. कर चुक्ता प्रमाणपत्र
ङ. नागरिक उड्यन कार्यालयको अनुमतिपत्र

कम्पनीको छापः

निवेदक
नामः
पदः
हस्ताक्षर

**(अनुसूची २)**
**दफा ५ को उपदफा ३ संग सम्वन्धित**

## गाउँपालिका र हवाई उडान कम्पनी विच गरिने सम्झौता पत्रको ढाँचा

अन्नपूर्ण गाउँपालिका गाउ कार्यपालिकाको कार्यालय, कास्की ( यस पछि प्रथम पक्ष भनिएको) र .............................हवाई कम्पनी (यस पछि दोस्रो पक्ष भनिएको ) विच गण्डकी प्रदेश कास्की जिल्ला अन्नपूर्ण गाउपालिका वडा नं. ११ स्थित अन्नपूर्ण आधार शिविर क्षेत्रमा हेलिकप्टर उडान पर्यटन शुल्क लिनेरदिने सम्वन्धमा तपशिल बमोजिम उल्लेखित शर्तहरुको अधिनमा रही प्रथम पक्षको कार्यालयमा यो द्धिपक्षीय सम्झौता गरी एकरएक प्रति बुझिलियौंरदियौं ।

१. दोस्रो पक्षले सम्झौता अवधी भर अन्नपूर्ण आधार क्षेत्रमा आपतकालिन उद्धार बाहेक प्रतिदिन बढिमा ४(चार) पटक सम्म व्यवसायिक हेलिकप्टर उडान भर्न सक्नेछ ।

२. दोसे पक्षले बुदा नं. १ बमोजिम हेलिकप्टर उडान गरे वापत प्रथम पक्षलाई प्रति उडान रु. १०,०००।— ( अक्षरुपी रु. दश हजार मात्र) प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

३. दोसे पक्षले प्रत्येक उडान भर्नु अगाडी पहिलो पक्षलाई भुक्तानी गर्नुपर्ने शुल्कको रकम पहिलो पक्षको बैक खातामा अनिवार्य रुपमा जम्मा गर्नुपर्नेछ । यस्तो शुल्क गाउंपालिकाको खातामा जम्मा हुने गरी विद्‌युतीय भुक्तानी प्रणाली मार्फत पनि भुक्तानी गर्न सकिने छ ।

४. प्रथम पक्षले अन्नपूर्ण आधार शिविर क्षेत्रमा हेलिप्याड लगायतका पूर्वाधारहरुको निर्माण गर्नेछ ।

५. दोस्रो पक्षले अन्नपूर्ण आधार शिविर क्षेत्रमा रहेको पदमार्गमा हिड्ने पदमार्गीहरुलाई असर नगर्ने गरी सो को दायां बायांबाट उडान रुट निर्धारण गर्नुपर्नेछ ।

६. दोस्रो पक्षले प्रथम पक्षको अनुरोधमा स्थानीय बासिन्दाहरुलाई आपतकालीन उद्धारको लागि सहुलियत दरमा सेवा उपलव्ध गराउनुपर्ने छ ।

७. प्रथमपक्षले अन्नपूर्ण आधार शिविरमा हेलिकप्टर उडान पर्यटन शुल्क व्यवस्थापनको जिम्मा स्थानीय साझेदार संस्थालाई सम्झौता गरि दिन सक्ने छ । यसरी व्यवस्थापनको जिम्मा दिइएको अवस्थामा दोस्रो पक्षले त्यस्तो साझेदार संस्थासंग समन्वय गरी उडानको कार्य गर्नु पर्ने छ ।

८. यस सम्झौता कार्यान्वियन सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी छलफलद्धारा विवाद समाधान गरिनेछ । उक्त प्रकृयाद्धारा समेत विवाद समाधान हुन नसकेमा प्रचलित कानूनी प्रकृया अवलम्वन गरिने छ ।

९. यस सम्झौतामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. यो सम्झौता पत्रमा हस्ताक्षर भएको मिति ..................देखि मिति................. सम्म कायम रहनेछ । प्रचलित कानूनको अधिनमा रही दुवै पक्षको आपसी सहमतीमा आवश्यकता अनुसार यो सम्झौताको म्याद थप गर्न सकिनेछ ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| नामः | नामः |

| | |
|---|---|
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| संस्थाको छापः | कार्यालयको छापः |
| साक्षीररोहवरः | साक्षीररोहवरः |
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |

ईति सम्वत २०........साल............महिनाको......गते रोज......शुभम् ।

**अनुसुची-३**
**(दफा ५ को उपदफा (३) संग सम्वन्धित)**

उडान सुचीकृत गरिएको प्रमाण पत्रको ढांचा

श्री.....................................

.........................................

विषयः सूचिकृत गरिएको प्रमाणपत्र

श्री ...................... बाट यस अन्नपूर्ण गाउँपालिका वडा नं.११ स्थित अन्नपूर्ण आधार शिविरमा हेलिकप्टर उडान भर्न सूचिकृत गरी पाऊँ भनी मिति .............मा दिएको निवेदन प्राप्त हुन आएको हुंदा अन्नपूर्ण गाउंकार्यपालिकाको मिति ....... को निर्णय बमोजिम तल उल्लिखित शर्तका अधीनमा रही देहाय बमोजिम उडान भर्न पाउने गरी अन्नपूर्ण गाउँपालिकाको हेलिकप्टर उडान व्यवस्थित गर्ने कार्यविधि २०७९ को दफा...... को उपदफा... बमोजिम सूचिकृत गरी यो प्रमाण दिइएको छ।

तपशिलः
१. हवाई कम्पनीको नामः
२. हवाइ कम्पनीको ठेगानाः
३. सिट क्षमताः
४. मान्य अवधिः
५. उडान संख्याः दैनिक........मा नवढ्ने गरी जम्मा....

सुचीकृत गर्ने अधिकारीकोः
नामः
पदः
हस्ताक्षरः
मितिः

## अनुसूची— ४

## दफा १० को उपदफा (३) संग सम्वन्धित

कार्यालय र स्थानीय साझेदार संस्था विच गरिने सम्झौता पत्रको ढांचा

अन्नपूर्र्ण गाउपालिका, गाउंकार्यपालिकाको कार्यालय, कास्की ( यस पछि प्रथम पक्ष भनिएको) र ........................... संस्था (यस पछि दोस्रो पक्ष भनिएको) विच गण्डकी प्रदेश, कास्की जिल्ला, अन्नपूर्ण गाउंपालिका, वडा नं.११ स्थित अन्नपूर्ण आधार शिविरमा आर्थिक वर्ष .........मा हेलिकप्टर उडान पर्यटन शुल्क व्यवस्थापन गर्न तपशिल वमोजिम उल्लेखित शर्तहरुको अधिनमा रही प्रथम पक्षको कार्यालयमा यो द्धिपक्षिय सम्झौता गरी एकरएक प्रति बुझिलियौर दियौ ।

१. सम्झौताका पक्षहरुको विवरण

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| फोन नं. | फोन नं. |
| ईमेलः | इमेलः |
| सम्पर्क व्यक्तिः | सम्पर्क व्यक्तिः |
| मोवाइल नं.ःः | मोवाइल नं. |

२. सम्झौताको कार्यक्षेत्र

अन्नपूर्ण गाउंपालिका हेलिकप्टर उडान व्वस्थापन कार्यविधि २०७९ वमोजिम सेवा प्रदायक संस्थाको परिचालन गरी हेलिकप्टर उडान व्यवस्थापन संग सम्वन्धीत देहायका कार्यहरु यस सम्झौताको कार्यक्षेत्र हुनेछन् ।

३. दोस्रो पक्षले सम्झौता अवधी भर देहाय वमोजिमको ढांचामा हेलिकप्टर उडानको दैनिक अभिलेख राख्रेछ ।

| मिति | हवाई कम्पनीको नाम | उडान/Hovering संख्या | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

४. दोस्रो पक्षले सम्झौता अवधीभर अन्नपूर्ण आधार शिविरमा उडान गर्ने प्रत्येक हेलिकप्टर संग प्रथम पक्षले उपलव्ध गराएको ईजाजत र अनुमति पत्र भए नभएको र प्रत्येक उडान दैनिक तोकिएको संख्याको सिमा भित्र भए नभएको जांच निरिक्षण गर्नेछ र नभएको भए त्यस्तो हवाई कम्पनीलाई सचेत गराई सोको जानकारी छिटो सुचनाको माध्यम वाट प्रथम पक्षलाई उपलव्ध गराउनेछ ।

५. दोस्रो पक्षले यो सम्झौता वमोजिमका कार्य सम्पादन गरे वापत उक्त क्षेत्रमा हेलिकप्टर उडान भरे वापत हवाई कम्पनीवाट प्रथम पक्षलाई प्राप्त हुने आम्दानीको १० प्रतिशत रकम प्रथम पक्ष वाट प्राप्त गर्नेछ । यस्तो रकम प्रथम पक्षले जुन तरिकालाट हवाई कम्पनीवाट प्राप्त गरेको हो ( अग्रिम, प्रति उडान, मासिक, चौमासिक, वार्षिक) सोही प्रकृयावाट दोस्रो पक्षको वैंक खाता मार्फत उपलव्ध गराउने छ ।

६. दोसे पक्षले सम्पादन गरेको कार्यको मासिक प्रतिवेदन पहिलो पक्षलाई उपलव्ध गराउने छ ।

७. प्रथम पक्षले दोस्रो पक्षको कार्य सम्पादनको नियमित रुपमा अनुगमन गर्नेछ । अनुगमनका लागि दोस्रो पक्षले सम्झौता विपरित काम गरेको पाइएमा प्रथम पक्षले तत्काल सम्झौता भङ्ग गर्न सक्नेछ र कार्य प्रकृतिको आधारमा दोस्रो पक्षलाई कानूनी कारवाही गर्नेछ ।

८. दोस्रो पक्षले पहिलो पक्षको प्रत्यक्ष सम्पर्क र निर्देशनमा रही कार्य सम्पादन गर्नुपर्नेछ ।

९.यस सम्झौता कार्यान्वयन सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी छलफल द्धारा विवाद समाधान गरिनेछ ।

१०. यस सम्झौतामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुनेछ ।

११. सम्झौता अवधीः यो सम्झौता पत्रमा हस्ताक्षर भएको मिति ...............देखि मिति.......... सम्म कायम रहने छ । प्रचलित कानूनको अधिनमा रही दुवै पक्षको आपसी सहमतीमा आवश्यकता अनुसार सम्झौताको म्याद थप गर्न सकिनेछ ।

| दोस्रो पक्षको तर्फवाट | प्रथम पक्षको तर्फवाटः |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षर |
| संस्थाको छापः | कार्यालयको छापः |
| साक्षीररोहवरः | साक्षीररोहवरः |
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षर |

ईति सम्वत २०......साल.....महिनाके .......गते रोज..........शुभम्

प्रमाणिकरण मिति : २०७९।१२।१२

राजपत्रमा प्रकाशित मिति :२०७९।१२।१३

आज्ञाले,<br>
खेमराज देबकोटा<br>
प्रमुख प्रशासकीय अधिकृत